# सूर्योदय राजपत्र

सूर्योदय नगरपालिकाद्वारा प्रकाशित

खण्ड (३), फिक्कल, इलाम, १ नं. प्रदेश, नेपाल, फाल्गुण १३ गते २०७६ साल, संख्या ११

## भाग-१

नेपालको संबिधानको धारा २२३ को उपधारा (१) बमोजिम गठन भएको यस सूर्योदय नगरपालिकाको नगरसभाले बनाएको ऐन सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

<u>**सूर्योदय नगरपालिकाको सवारी तथा यातायातव्यवस्थापन ऐन, २०७६**</u>

प्रस्तावना

सूर्योदय नगरपालिका भित्र सञ्चालन हुने सवारी साधनहरुलाई व्यवस्थापन गरी सर्वसाधारणको लागि सुरक्षित,भरपर्दो, सर्वसुलभ, गुणस्तरीय, विश्वासनीय, वातावरणमैत्री, उपभोक्तामुखी, सेवामुखी र सर्वसाधारणको लागि सुविधाजनक पहुँच सुनिश्चित गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(१) को अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ।

## परिच्छेद (१)

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐन को नाम सूर्योदय नगरपालिकाको सवारी तथा यातायात व्यवस्थापन ऐन २०७६ रहेको छ ।

(२)यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुने छ ।

२. **परिभाषाः**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "**व्यवस्थापन समिति** " भन्नाले ऐन को दफा ११ बमोजिम गठित व्यवस्थापन समितिलाईसम्झनुपर्दछ।

(ख) "**ऐन**" भन्नाले सूर्योदय नगरपालिकाको सवारी तथा यातायात ब्यबस्थापन ऐन २०७६लाई सम्झनुपर्दछ

(ग) "**प्रमुख**" भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्दछ

(घ) "**उपप्रमुख**"भन्नाले सूर्योदय नगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्दछ

(ङ) "**कार्यपालिका**" भन्नाले सूर्योदय नगरकार्यपालिका सम्झनुपर्दछ ।

(च) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले सूर्योदय नगरकार्यपालिकाको प्रमुख प्रशासकीयअधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "**वडाअध्यक्ष**" भन्नाले सूर्योदय नगरपालिकाका सम्वन्धित वडाका वडाअध्यक्ष सम्झनुपर्दछ।

(ज) "**स्थानीय तह**"भन्नाले सूर्योदय नगरपालिकालाई सम्झनु पर्दछ ।

(झ) "**सवारी साधन**"भन्नाले सूर्योदय नगरपालिका भित्र (निजी, सार्वजनिक तथा सरकारी) चल्ने बस, मिनिबस, माइक्रोबस, जीप, पिकअप, भ्यान,स्कुलबस, टेम्पो अटोरिक्सा, सामान बोक्ने ट्रक तथा मिनिट्रक लगायत सबै किसिमका सवारीलाई सम्झनु पर्दछ ।

(ञ) "**टिकट**" भन्नाले सार्वजनिक यातायात सेवा प्रयोग गर्ने सेवाग्राहीलाई प्रदान गरिने टिकटसम्झनु पर्दछ ।

(ट) "**पार्किङ्ग** स्थल"भन्नाले सवारी राख्न निर्धारण गरिएको स्थल सम्झनु पर्दछ ।

(ण) "**प्रदुषण**" भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाको प्रदूषण सम्झनु पर्दछ

(त) "**विद्युतीय सवारी साधन**" भन्नाले विद्युतीय प्रसारण लाइन सोलार वा ब्याट्रिबाट संचालन हुने सवारी साधनलाई सम्झनु पर्दछ ।

(थ) "**वातावरणमैत्री सवारी साधन**" भन्नाले बैकल्पिक वा नवीकरणीय उर्जाबाट सञ्चालन हुने सूर्योदय नगरपालिकाले वातावरणमैत्री भनी तोकेको सवारी साधनलाई सम्झनु पर्दछ।

(द) "**संघीय कानून**" भन्नाले संघीय संसदबाट जारी भएको यातायात व्यवस्थापन सम्वन्धि कानूनलाई सम्झनु पर्दछ ।

(ध) "**प्रदेश कानून**" भन्नाले प्रदेश सभा प्रदेश नम्बर एकबाट जारी भएको यातायात व्यवस्था सम्वन्धि कानूनलाई सम्झनु पर्दछ ।

(न) "**संस्था वा कम्पनी**"भन्नाले प्रचलित कानून बमोजिम सार्वजनिक यातायात सेवा सञ्चालन गर्न गराउन स्थापित संस्था वा कम्पनीलाई सम्झनु पर्दछ ।

(प) "**सार्वजनिक यातायात**" भन्नाले सर्वसाधारणको लागि भाडा लिई यात्रा गराउन तथा सामान ढुवानी गराउन सञ्चालित (निजी, सार्वजनिक तथा सरकारी) बस, मिनिबस, माइक्रोबस, जीप, पिकअप, भ्यान, स्कुलबस, टेम्पो, अटोरिक्सा, सामान बोक्ने ट्रक तथा मिनिट्रक लगायत सार्वजनिक यातायातको लागि इजाजत प्राप्त गरी सञ्चालन गरिएका यातायातका साधन सम्झनु पर्दछ ।

(फ) "**सम्वन्धित क्षेत्र**" भन्नाले सूर्योदय नगरपालिका क्षेत्र भित्र यातायात व्यवस्थापन सम्बन्धमा काम कारवाही गर्ने नेपाल सरकार तथा प्रदेश सरकार मातहतका कार्यालय अन्य स्थानीय सरकार गैर सरकारी संघ संस्थालाई समेत सम्झनुपर्दछ ।

## परिच्छेद २

## टिकट सम्वन्धि ब्यवस्था

**३. टिकटको प्रयोगः**(१) सार्वजनिक यातायातको सञ्चालनमा कागजी टिकटहरु प्रयोग गर्न सकिनेछ।

**४. टिकट अनिवार्य दिनुपर्नेः** (१) सार्वजनिक यातायातका साधन चढनु भन्दा पहिले वा चढे लगत्तै यात्रीहरुसँग तोकिएको भाडा लिई अनिवार्य रुपमा टिकट दिनुपर्ने दायित्व सम्वन्धित चालकको हुनेछ।

(२) यात्री टिकटको आकार प्रकार तथा टिकटमा उल्लेख गर्नुपर्ने कुराहरु तोकिए बमोजिम हुनेछ।

(३) यात्री टिकटमा धुम्रपान, मद्यपान, सुर्तीजन्य पदार्थ, अश्लील सामग्री तथा सार्वजनिक हित विपरीत हुने सामग्रीको विज्ञापन गर्न पाइने छैन ।

५. **टिकट अनिवार्य लिनुपर्नेः** नगरपालिका क्षेत्रभित्र रुट कायम भई सञ्चालन हुने सार्वजनिक यातायातका साधन प्रयोग गर्ने यात्रीले आफू चढ्ने बस बिसौनीमा वा सवारी साधन चढे लगत्तै निर्धारित भाडा तिरी टिकट लिनुपर्नेछ ।

६. **सहुलियत मूल्यमा टिकट प्रदान गर्नुपर्नेः** (१) सेवा प्रदायकले वालवालिका, ज्येष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति, अशक्त, जनआन्दोलनका घाइते, सहिद परिवारका सदस्य, विद्यार्थी तथा अन्य निर्धारित व्यक्तिलाई कानूनले निर्धारण गरेको सहुलियत दरमा टिकट उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सहुलियत दरमा टिकट प्राप्त गर्ने यात्रीले सम्वन्धित निकायबाट जारी भएको परिचय-पत्र देखाउनु पर्नेछ ।

## परिच्छेद–३
## सार्वजनिक यातायात सञ्चालनगर्ने संस्था वा कम्पनीको दायित्व

७. **संस्था वा कम्पनीको दायित्वः**(१) सार्वजनिक यातायात सञ्चालन गर्ने संस्था वा कम्पनीको दायित्व देहाय बमोजिम हुनेछः

(क) यात्रीहरुलाई निर्धारित बिसौनीबाट मात्र चढाउने र ओर्लने (पिक एण्ड ड्रप) व्यवस्था गर्ने।

(ख) यात्रुवर्ग वा सर्वसाधारणका लागि गुनासो तथा सुझाव दिन मिल्ने व्यवस्था मिलाउने।

(ग) चालकलाई निर्धारित पोशाकको व्यवस्था गर्ने।

(घ) यातायातका साधनहरुको नियमित चेकजाँच गरी मर्मत सम्भार तथा सरसफाई गर्ने गराउने।

(ङ) सवारी साधन कुन रुटमा चल्ने हो सो सजिलैसँग छुट्याउन सकिने किसिमले रुट -नम्बरका अतिरिक्त सवारी साधनमा फरक रङ्ग वा निश्चित चिन्हको प्रयोग गर्ने।

(च) अपाङ्गता भएका व्यक्ति, महिला, असक्त, जेष्ठ नागरिकहरुलाई निर्धारित आरक्षण सिटको व्यवस्था गर्ने, आरक्षण गरिएको सिट खाली भई अन्य कुनै व्यक्ति बसेको अवस्थामा आरक्षित व्यक्ति प्रवेश गरेमा निजलाई तुरुन्त सिटमा बस्ने व्यवस्था मिलाउने।

(छ) चालकले प्रचलित कानून बमोजिमको कार्य र आचरण गरे नगरेको सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने ।

(ज) प्रत्येक सवारी साधनमा प्राथमिक उपचार सामग्री (फस्ट एड), अग्नि नियन्त्रण उपकरण, फोहर राख्ने भाँडो अनिवार्य रुपमा राख्ने।

(झ) सवारी साधनमा नगरपालिकाको स्वीकृति बेगर विज्ञापन नगर्ने ।

(ञ) नगरपालिकाबाट अनुमति वा नवीकरण प्राप्त नगरी नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा सञ्चालन नगर्ने।

(ट) नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा सञ्चालन गर्दा नगरपालिकाबाट निर्धारण भएको भाडादर बमोजिम भाडा लिने व्यवस्था मिलाउने।

(ठ) सम्वन्धित निकाय वा नगरपालिकाले समय –समयमा तोकेको मापदण्ड पूरा नभएका सवारी साधन नचलाउने।

(ढ) सवारी साधनमा अनिवार्य रुपमा वमन थैली राख्ने।

(ण) नगरपालिकाबाट अनुमति प्राप्त सक्षम एवं योग्य वर्कसपबाट सवारी साधनको जाँच गराई अद्यावधिक राख्ने।

(त) नगरपालिकाबाट हुने नियमन कार्यमा सहयोग र समन्वय गर्ने।

(थ) नगरपालिकाबाट समय समयमा तोकेका कार्यहरु गर्ने/गराउने ।

## परिच्छेद– ४

## सवारी चालक तथा यात्री सम्वन्धि व्यवस्था

८. **सवारी चालकः** (१) देहायको योग्यता पुगेको नेपाली नागरिक सार्वजनिक सवारी साधनको चालक हुन योग्य मानिनेछः

(क) प्रचलित कानूनले निर्दिष्ट गरे बमोजिमको सवारी चालक इजाजत प्राप्त गरेको

(ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहेको

(ग) कुनै प्रचलित कानूनले अयोग्य नरहेको

९. **चालक, तथा यात्रीलाई प्रशिक्षणः** (१) नगरपालिकाले सार्वजनिक यातायातसँग सम्वन्धित चालक, तथा यात्रीहरुलाई सार्वजनिक यातायात सम्वन्धि आधारभूत ज्ञान, सीप, प्रचलित कानुनी व्यवस्था तथा यात्रीसँग गरिने शिष्ट व्यवहार आदि विषयमा प्रशिक्षण दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रशिक्षणमा सार्वजनिक यातायात सम्वन्धि सेवा प्रदायक संस्था वा कम्पनीले आफ्ना चालकहरुलाई अनिवार्य रुपमा सहभागी गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रशिक्षणमा सहभागी भएका चालकहरुलाई नगरपालिकाबाट अनूसूची–४ बमोजिमको ढाँचामा परिचय-पत्र प्रदान गरिनेछ ।

(४) सार्वजनिक सवारी साधन प्रयोग गर्ने यात्री तथा पैदल यात्रीलाई यात्री अनुशासन तथा आचरण सम्बन्धमा सचेतना मूलक प्रशिक्षण दिइनेछ।

१०. **चालकको कर्तव्यः** (१) सार्वजनिक यातायात सेवा स ञ्चालन गर्ने चालकले यात्री तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सार्वजनिक यातायात सेवा स ञ्चालन गर्ने चालकले देहायका कार्य गर्नु हुँदैन:

(क) निर्धारित पार्किङ्ग स्थल बाहेकका स्थानमा सवारी साधन रोक्ने,

(ख) यात्रीसँग अशिष्ट भाषामा कुरा गर्ने,

(ग) निर्धारित पोशाक नलगाई सवारी साधन चलाउने,

(घ) बिसौनीमा निर्धारित समय भन्दा बढी समय सवारी साधन रोक्ने,

(ङ) जेब्रा क्रसिङ्गमा पैदल यात्रीलाई प्राथमिकता नदिने,

(च) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउने,

(छ) सवारी साधनमा अश्लील फोटो टाँस्ने, अश्लील गीत बजाउने,

(ज) निर्धारित समयमा निर्धारित रुटमा सवारी साधन चलाउन इन्कार गर्ने,

(झ) मदिराजन्य र सुर्तीजन्य पदार्थ सेवन गरी सवारी चलाउने,

(ञ) यौनजन्य दुरव्यवहार गर्ने,

(ट) कानूनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

## परिच्छेद ५

## व्यवस्थापन समिति सम्वन्धि व्यवस्था

११. **सवारी तथा यातायात व्यवस्थापन समितिको गठनः**(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने निजी, सार्वजनिक तथा सरकारी यातायातका साधनहरुको सञ्चालनलाई सर्वशुलभ र दुर्घटना रहित ढंङ्गबाट सेवा सुचारु एवं सुब्यवस्थित र आवश्य क मार्गदर्शन गर्न नगरपालिकामा देहाय अनुसारको सवारी तथा यातायात व्यवस्थापन समिति रहने छः

| | |
|---|---|
| सुशासन तथा क्षमता विकास समितिका संयोजक | अध्यक्ष |
| सीमा प्रशासन कार्यालयका प्रतिनिधि | सदस्य |
| नगरपालिकाको कानूनी सल्लाहकार | सदस्य |
| इलाका प्रहरी कार्यालयका प्रतिनिधि | सदस्य |
| ट्राफिक प्रहरीको प्रतिनिधि | सदस्य |
| नगर प्रहरीका इन्चार्ज | सदस्य |
| यातायात व्यवसायीहरुमध्येबाट १ जना प्रतिनिधि | सदस्य |
| प्रशासकीय अधिकृत | सदस्य सचिव |

(२) उपदफा (१) बमोजिमको सदस्य कार्यपालिकाले तोके बमोजिमको समयसम्म वहाल रहनेछन्।

(३) दफा ११ बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछन् ।बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछन् ।

**१२. समितिको काम, कर्तव्य र अधिकारः**(१) दफा ११ बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) नगरपालिकाभित्र सञ्चालन हुने सवारी साधनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने।

(ख) सवारी साधनको पार्किङ स्थल तोक्ने ।

(ग) दुरी अनुसार सवारी साधनको भाडादर निर्धारण गर्ने ।

(घ) सेवा क्षेत्र निर्धारण तथा क्लस्टर अनुसार सवारी साधनको संख्या तोक्ने ।

(ङ) नगरपालिका क्षेत्रभित्रको लागि आवश्यकता अनुसारको तीन पाङग्रे सवारी साधनको संख्या निर्धारण गर्नका लागि कार्यपालिकामा सिफारिस गर्ने ।

(च) यातायात व्यवसायीहरुको व्यवस्थापन एवम् यात्रुहरु बीच भएको विवादको समाधान गर्न आवश्यक सहजीकरण गर्ने ।

(छ) प्रक्रिया पूरा गरी आएका तीनपाङग्रे सवारी साधानलाई रुट परमिट दिनसक्ने छ ।

(ज) तीनपाङ्ग्रे सवारी साधन खरीद गर्नु पूर्ब समिति समक्ष खरिदकर्ताले आफ्नो नागरिकताको प्रतिलिपि सहित अनुमतिका लागि निवेदन दिनुपर्ने (छ) समितिको पूर्व स्वी कृति विना खरिद गरिएको तीनपाङग्रे सवारीलाई रुटपरमिट दिने छैन ।

(झ) यो ऐन लागू हुन भन्दा अगावै खरिद गरी स ञ्चालनमा आएका तीनपाङग्रे सवारी साधनहरुको हकमा समेत यसै ऐन बमोजिम हुने छ ।

## परिच्छेद६

## तीनपाङग्रे सवारी साधनसम्वन्धि व्यवस्था

**१३. तीनपाङ्ग्रे सवारी साधनको दर्ता, नवीकरण तथा खारेजीः** (१) प्रत्येक तीनपाङ्ग्रे सवारी साधन सवारी ऐन र नियम बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एवं नवीकरण भई नगरपालिकामा अनुसूचि(१) को ढाँचामा निवेदन दिई सूचीकरण भई रुट परमिट समेत लिई नियमानुसार नवीकरण गर्नुपर्नेछ। तीन पाङग्रे सवारी साधन सूचीकरण गर्दा देहाय बमोजिमको कागजात पेश गर्नुपर्नेछ

(क) अनुसूचि (१) बमोजिमको ढाँचामा निवेदन दिने,

(ख) राजश्व तिरेको रसिद,

(ग) प्रदूषण मापदण्ड भित्र परेको प्रमाणित गरिदिएको पत्र,

(घ) भन्सार प्रज्ञापन पत्र र भन्सार महसुल तिरेको रसिद प्रतिलिपि,

(ङ) सवारी धनीको नागरिकता प्रमाण पत्र र सवारी चालक इजाजत पत्रको प्रतिलिपि,

(च) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,

(छ) आयकर दर्ताको कागजात र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ज) सवारी साधनको इञ्जिन, च्यासिसको फोटो,
(झ) सवारी साधन कार्यालयमा ल्याई चेकजाँच गरेको प्रमाण,
(ञ) बीमाको कागजातको प्रतिलिपि,
(ट) सवारी कर, आयकर तिरेको प्रमाण,
(ठ) वित्तीय संस्थाबाट ऋण लगानी भई दर्ता हुनेहरुको हकमा वित्तीय संस्थाको दर्ता प्रमाण-पत्र, आयकर (PAN) कर चुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपि,
(ड) सवारी धनी स्वयं उपस्थित हुनुपर्नेछ,
(२) उपदफा (१) बमोजिम सूचीकरण भएका तिन पाङग्रे सवारी साधनको नगरपालिकाले अनुसूचि (३) बमोजिम अभिलेख खडा गरी सूचीकरण गर्नेछ ।
(३) नगरपालिकामा सूचीकरण र नवीकरण भई सञ्चालनमा आएका तीन पाङ्ग्रे सवारी साधनले वार्षिक रुपमा नियमानुसार तोकिएको कर बुझाई सूचीकरण र नवीकरण गर्नु पर्नेछ। नवीकरण गर्दा निम्न कागजातहरु पेश गर्नुपर्नेछः
(क) नगरपालिकाबाट तोकिएको ढाँचामा निवेदन पेश गर्ने,
(ख) प्रदूषण मापदण्ड भित्र परेको प्रमाणित गरिदिएको पत्र,
(ग) दर्ता गर्दा वा अघिल्लो आ.ब.मा नवीकरण गर्दा बुझाएको सवारी करको रसिदको प्रतिलिपि,
(घ) बीमाको कागजातको प्रतिलिपि,
(ङ) सवारी चालकको सवारी चालक अनुमति पत्रको प्रतिलिपि,
(च) सवारीधनी स्वयं उपस्थित हुनुपर्नेछ । स्वयं उपस्थित हुन नसक्ने भएमा सवारी धनीले मञ्जुरीनामा दिएको पत्र,
(४) नगरपालिकाले यस दफा बमोजिम तीन पाङग्रे सवारीलाई दर्ता, सूचीकरण गरी प्रमाण -पत्र दिन सक्नेछ।
(५) प्रत्येक सवारी साधनले यस दफा बमोजिम रुटपरमिट लिंदा देहाय बमोजिमको कागजात पेश गर्नुपर्नेछ ।
(क) नगरपालिकामा सूचीकरण भएको प्रमाण-पत्र,
(ख) नवीकरण भएको ब्लुबुकको प्रतिलिपि,
(ग) जाँचपास प्रमाण-पत्र,
(घ) बीमा (सवारी, चालक, यात्रु र तेस्रो पक्ष) भएको प्रतिलिपि,
(ङ) माग भएको रुट खुलाउनु पर्ने,
(च) चालकको लाइसेन्सको प्रतिलिपि र नागरिकताको प्रतिलिपि,
(छ) यस ऐन बमोजिम दस्तुर बुझाएको नगदी रसिद,

(ज) अर्को क्षेत्रबाट अनुमति लिई आएकोमा सो कार्यालयको सहमति पत्र,

(झ) सवारी धनी स्वयं उपस्थित नभएमा मञ्जुरीनामा पेश गर्नुपर्ने,

(६) तीन पाङ्ग्रे सवारी सम्वन्धि अन्य व्यवस्थाः

(क) रुट परमिटको अवधि ६ महिनाको हुनेछ । म्याद समाप्त भएको मितिले पन्ध्र दिनसम्म परमिट नवीकरण गराई सक्नु पर्नेछ। पन्ध्र दिनपछि थप तीस दिनसम्म अर्थात सुरु म्याद समाप्त भएको पैंतालिस दिनभित्र दोब्बर दस्तुर तिरी नवीकरण गराउन सकिनेछ। सो म्याद पनि समाप्त भई गएमा प्रतिदिन १० रुपैयाँका दरले दस्तुर लाग्नेछ।

(ख) नवीकरण गर्न कुनै निकायबाट सवारी सञ्चालनमा रोक्का नभएको हुनुपर्नेछ।

(ग) रुट परमिट नवीकरण गर्दा बीमा वा जाँचपास अवधिले नभ्याउने भएमा जुन अवधि पहिला सकिन्छ। सो उल्लेख गरी नवीकरण गरिदिने र पछि उक्त कागजात ल्याई आएमा बाँकी रहेको अवधि सोही दस्तुरको आधारमा नवीकरण गरिदिने ।

(घ) तोकिएको क्षेत्रबाहेक अन्य क्षेत्रमा अनुमति नलिई सञ्चालन गर्न पाइने छैन ।

(ङ) पहिलो पटक ३० दिनभित्र रुट परमिट लिंदा बिलम्ब जरिवाना लाग्ने छैन। सो समयमा पनि नवीकरण गर्न नआएमा यसै दफा बमोजिम जरिवाना लाग्नेछ।

१४. **जरिवाना सम्वन्धि व्यवस्थाः** (१) देहायको कसुर गरेमा यस ऐन बमोजिम जरिवाना सम्वन्धि व्यवस्था संघीय तथा प्रादेशिक यातायात ऐन कानून बमोजिम हुनेछः

(क) ट्राफिक सङ्केत वा इशारा उल्लङ्घन गरी चलाएको ।

(ख) पार्किङ्ग निषेध गरिएको ठाउँ वा समयमा पार्किङ्ग गरेमा।

(ग) सवारी मोड्न वा ध्वनि सङ्गकेत निषेध गरिएको ठाउँमा मोडेमा वा ध्वनि सङ्केत दिएमा।

(घ) गलत साइड तर्फ सवारी चलाएमा।

(ङ) एकतर्फी सडकमा सो विपरीत चलाएमा।

(च) अवस्था ठीक नभएको सवारी चलाएमा।

(छ) निर्धारित गतिभन्दा बढी गतिमा सवारी चलाएमा।

(ज) राती बत्ती नबाली सवारी चलाएमा।

(झ) मादक पदार्थ सेवन गरी सवारी चलाएमा।

(ञ) नम्बर प्लेट नराखी सवारी चलाएमा।

(ट) निर्धारित सिटभन्दा बढी यात्रु राखी सवारी चलाएमा।

(ठ) सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेमा।

(ड) निर्धारित भाडा दरभन्दा बढी भाडा लिई सवारी चलाएमा।

(ढ) लापरबाही साथ सवारी चलाएमा।

(ण) बाटो इजाजत-पत्र नलिई सवारी चलाएमा।

(त) चालक अनुमति-पत्र साथमा नराखी सवारी चलाएमा।

(थ) प्रचलित कानूनमा उल्लेख भएका अन्य व्यवस्था उल्लङ्घन भएमा ।

## परिच्छेद–६

## विविध

**१५. यातायात प्रवर्द्धन कोषः** (१) नगरपालिका क्षेत्रभित्रको यातायात सेवालाई प्रभावकारी बनाउन नगरपालिकाले एक छुट्टै यातायात प्रवर्द्धन कोष खडा गर्नेछ । यस कोषमा देहाय बमोजिमका रकमहरु जम्मा हुनेछन ।

(क) नगरपालिकाको नगरसभाबाट विनियोजित रकम।

(ख) नेपाल सरकार, प्रदेश सरकारबाट यातायात क्षेत्र प्रवर्द्धनका लागि प्राप्त रकम।

(ग) ऐन बमोजिम जरिवाना बापत सङ्कलन हुने रकम।

(घ) स्वदेशी तथा विदेशी संघ संस्था , व्यक्तिबाट यातायात क्षेत्र प्र वर्द्धनका लागि प्राप्त सहयोग रकम।

(ङ) अन्य।

(२) दफा (१) बमोजिमको कोषको सञ्चालन गर्न देहाय बमोजिमको एक समिति गठन हुनेछः

(क) दफा १२ बमोजिमको समितिको संयोजक –संयोजक

(ख) प्रमुखले तोकेको नगर कार्यपालिकाको महिला सदस्य –सदस्य

(ग) लेखा प्रमुख –सदस्य

(घ) नगरप्रहरी प्रमुख –सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत –सदस्य सचिव

(३) उपदफा (१) बमोजिमको समितिले कोषको समुचित प्रयोग गरी यातायात व्यवस्थापन गर्नुपर्नेछ।

(४) उपदफा (१) बमोजिमको समितिले गरेका काम कार वाहीको प्रतिवेदन प्रमुखमार्फत कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**१६. यात्री वीमा सम्वन्धि व्यवस्थाः** सेवा प्रदायक संस्था वा कम्पनीले प्रत्येक यात्रीको प्रचलित कानूनले तोके बमोजिम वीमा गर्नुपर्नेछ ।

**१७. यातायात सञ्चालन सम्वन्धि विशेष व्यबस्थाः** नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, सम्बद्ध संघ संस्थाहरुसँग साझेदारी वा संयुक्त व्यवस्थापनमा यातायातको सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

**१८. कार्यपालिकाको अधिकारः** (१) प्रचलित कानून बमोजिमका अन्य अधिकारका अतिरिक्त कार्यपालिकालाई देहायको अधिकार हुनेछः

(क) यातायात व्यवस्थापन सम्वन्धि नीति तर्जुमा गर्ने, आवश्यक मापदण्ड तथा योजना बनाई कार्यान्वयन गर्ने गराउने।

(ख) नगर क्षेत्रभित्र सार्वजनिक सवारी चल्ने रुट निर्धारण गर्ने, मूल सडक, सहायक सडक र भित्री सडकमा चल्ने यातायातका साधनको वर्गीकरण गर्ने, एकतर्फी सडक निर्धारण गर्ने, सवारी साधन निषेधित क्षेत्र घोषणा गर्ने, पार्किङ्ग क्षेत्र निर्धारण गर्ने, रुटमा सवारी चलाउन अनुमति प्रदान गर्ने, नवीकरण गर्ने, भाडा दर निर्धारण गर्ने र सोको नियमन गर्ने, सेवाको गुणस्तर कायम गराउने तथा गुणस्तर कायम नगर्ने संस्था वा कम्पनीलाई प्रदान गरिएको रुट चलाउने अनुमति खारेज गर्ने ।

(ग) वातावरण मैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिमसंवेद्य, अपाङ्गता र लैङ्गिक मैत्री यातायात प्रणालीको प्रर्वधन गर्न आवश्यक नीति तथा योजना स्वीकृत गरी कार्यान्वयन गराउने।

(घ) १ नं. प्रदेशका अन्य स्थानीय सरकारहरुसँग सहकार्य गरी यातायात व्यवस्थापन सम्बन्धमा एकीकृत अवधारणा तर्जुमा गर्ने, कार्यान्वयन गर्ने गराउने।

(ङ) फुटपाथ, साइकल लेन, आकाशेपुल, सव–वे, जेब्रा– क्रस, बस, टयाक्सी, साइकल पार्किङ्ग स्थलको मापदण्ड बनाउने, कार्यान्वयन गर्ने गराउने ।

(च) ट्राफिक व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने ।

(छ) वर्कसप दर्ता तथा नवीकरणको व्यवस्था मिलाउन लगाउने ।

(ज) सडक जोखिम न्युनीकरण तथा सुरक्षा व्यवस्था मिलाउने ।

(झ) सडक सुरक्षा प्रवर्द्धन तथा सुशासन कायम गराउने ।

(ट) विद्युतीय सवारी साधनको लागि आवश्यक पर्ने चार्जिङ्ग स्टे शन निर्माण तथा व्यवस्थापन गर्न सहयोग तथा समन्वय गर्ने ।

(ठ) दिगो यातायात प्रणालीलाई संस्थागत गर्ने विद्युतीय सवारी साधन खरिद गर्ने व्यक्ति, संस्था वा कम्पनीलाई सहुलियत दिने तथा सहुलियतको लागि समन्वय गर्ने ।

(ड) सवारी तथा यातायत व्यवस्थापन समितिको सिफारिसमा तीन पाङ्ग्रे सवारी साधनको संख्या निर्धारण गर्ने।

(२) अनुसूचि २ बमोजिमको ढाँचामा सवारी धनीलाई सूचिकरण तथा रुट परमिट इजाजत पत्र उपलब्ध गराउनु पर्ने छ ।

(३) कार्यपालिकाले यस दफा बमोजिम आफूलाई प्राप्त अधिकार प्रमुख वा उप -प्रमुख वा कार्यपालिका अन्तर्गतका समिति वा उप -समिति वा प्रमुख प्रशासकीय अधिकृत वा अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१९. **अन्य प्रकारका सवारी साधनलाई समेत लागू हुने छः** यस ऐनमा उल्लेख भएका व्य वस्थाहरुमध्ये देहायमा उल्लिखित कार्यहरु सार्वजनिक सवारी साधनका अतिरिक्त अन्य सवारी साधन समेतको हकमा लागू हुनेछः

(क) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउन नपाउने ।

(ख) सवारी साधनबाट बाहिर फोहर फाल्न नपाइने ।

(ग) निर्धारित स्थान बाहेक अन्य स्थानमा पार्किङ्ग गर्न नपाइने ।

(घ) निर्धारित मापदण्डभन्दा बढी धुवाँ, धुलो उत्सर्जन गर्न नपाइने ।

(च) सवारी साधन सफा र तयारी हालतमा राखी चलाउनु पर्ने ।

(छ) निर्धारित अधिकतम गति भन्दा तीब्र गतिमा सवारी साधन नचलाउने ।

(ज) पैदल यात्रीलाई जेब्रा क्रसिङ्गबाट बाटो काट्न प्राथमिकता दिने ।

(झ) आकस्मिक सेवामा सञ्चालित यातायातका साधनहरु दमकल, एम्बुलेन्स तथा यस्तै प्रकृतिका सवारी साधनहरु, विशिष्ट व्यक्तिको सवारी, कुटनीतिक सवारी, अत्यावश्यक सेवामा परिचालित यातायातका साधनहरुलाई प्राथमिकता दिने ।

(ञ) सवारी साधनमा अनिवार्य रुपमा वमन थैली राख्ने ।

(ट) प्रचलित कानून बमोजिम पालना गर्नु पर्ने अन्य कुरा ।

२०. **जनचेतना कार्यक्रम गर्न सक्नेः** नगरपालिकाले सार्वजनिक यातायातसँग सम्वन्धित विविध विषयमा आम नागरिक, सार्वजनिक यातायातका साधन प्रयोगकर्ता तथा अन्य सबै सरोकारवालाहरुलाई समेटेर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

२१. **घरपालुवा पशुपंक्षी छाड्न नहुनेः** सार्वजनिक सडक तथा किनाराको क्षेत्रमा घरपालुवा पशुपं क्षी छाड्न हुँदैन तर काबुबाहिरको परिस्थिति परेमा त्यस्ता पशुपं क्षीलाई सवारीमा बाधा नपुग्ने गरी सार्वजनिक स्थानबाट तुरुन्त हटाउनु पर्छ ।

२२. **बाधा–अड्काउ फुकाउने अधिकारः** यस ऐनको कार्यान्वयन गर्दा तत्काल कुनै बाधा–अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा –अड्काउ फुकाउन आ वश्यक व्यवस्था गर्न सक्नेछ । त्यसरी कार्यपालिकाबाट भएको बाधा–अड्काउको व्यवस्था नगरसभामा पेश गरी अनुमोदन गराउनुपर्नेछ।

२३. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा उल्लेख नभएका विषयमा प्रचलित संघीय तथा प्रदेश कानूनबमोजिम हुनेछ ।

२४. **नियम, निर्देशिका, कार्यविधि मापदण्ड बनाउने अधिकारः** कार्यपालिकाले यस ऐनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

अनुसूचि(१)

दफा १३ संग सम्वन्धित

तीनपाङग्रे सवारी साधन सूचीकरण गर्नका लागि दिने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
सूर्योदय नगरपालिका नगरकार्यपालिकाको कार्यालय
फिक्कल इलाम ।

विषयः-तीनपाङ्ग्रे सवारी साधन सूचिकृत गरिपाउँ ।

उपरोक्त सम्बन्धमा मेरो /हाम्रो नाममा रहेको निम्नानुसार को सवारी साधन नगरपालिका क्षेत्र भित्र सञ्चालन गर्न देहायको विवरण सहित रु.....को राजश्व दाखिला भौचरको प्रतिलिपि संलग्न राखी पेश गरेको छु ।

तपसिल

(क) अनुसूचि(१) बमोजिमको ढाँचामा निवेदन दिने,
(ख) राजश्व तिरेको रसिद,
(ग) प्रदूषण मापदण्डभित्र परेको प्रमाणित गरिदिएको पत्र,
(घ) भन्सार प्रज्ञापन पत्र र भन्सार महसुल तिरेको रसिद प्रतिलिपि,
(ङ) सवारी धनीको नागरिकता प्रमाण पत्र र सवारी चालक इजाजत पत्रको प्रतिलिपि,
(च) फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
(छ) आयकर दर्ताको कागजात र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि,
(ज) सवारी साधनको इञ्जिन, च्यासिसको फोटो,
(झ) सवारी साधन कार्यालयमा ल्याई चेकजाँच गरेको प्रमाण,
(ञ) बीमाको कागजातको प्रतिलिपि,
(ट) सवारी कर, आयकर तिरेको प्रमाण,
(ठ) वित्तीय संस्थाबाट ऋण लगानी भई दर्ता हुनेहरुको हकमा वित्तीय संस्थाको दर्ता प्रमाण पत्र, आयकर(PAN) करचुक्ता र व्यक्ति भए नागरिकताको प्रतिलिपि,
(ड) सवारी धनी स्वयं उपस्थित हुनुपर्नेछ ।

निवेदक
नामथरः
सहीः

अनुसूचि-२
(दफा १८ सँग सम्वन्धित)

**सूर्योदय नगरपालिका**
इलाम

## सूचीकरण तथा रुट परमिट
## इजाजत-पत्र

सवारी दर्ता नं .
सवारी धनीको नामः

वतनः

सवारी धनीको दस्तखत    दर्ता गर्ने अधिकारीको दस्तखत

### सवारी साधनको विस्तृत विवरण

| |
|---|
| १. कम्पनीको नाम |
| २. सवारीको मोडेल |
| ३. बनेको साल |
| ४. सिलिण्डर संख्या |
| ५. हर्ष पावर / सि.सि. |
| ६. च्यासिस नम्बर |
| ७. इन्जिन नं. |
| ८. सवारीको रङ |
| ९. चालक सहित सिट क्षमता |
| १०. पेट्रोल/डिजेल |
| ११. रेडियो छ/छैन |
| १२. खरिद भई आएको मानिस वा कम्पनी |
| १३. प्रयोग |
| १४. चलाउने इलाका |
| १५-भन्सार निस्सा |

| इजाजत पत्र पाएको क्षेत्र (रुट) | बहाल अवधि | इजाजतपत्र दिने वा नवीकरण गर्ने अधिकारीको नाम | बहाल |
|---|---|---|---|
| | | | |

अनुसूचि-३

दफा १३ को (२) संग सम्वन्धित

तीन पाङग्रे सवारी साधन सूचीकरण तथा रुट परमिट दर्ता किताब

| दर्ता नं | सूचीकरण तथा रुट परमिट मिति | सवारी धनीको नाम | सवारीको किसिम | यातायात कार्यालयमा दर्ता नं. | यातायात कार्यालयमा दर्ता मिति | चेसिस नं. | इजाजत प्राप्त रुट | रुटको वहाल अवधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |

---

अनुसूचि ४

ऐनको दफा ९ को ( ३ ) सँग सम्वन्धित

सूर्योदय नगरपालिका

सार्वजनिक यातायत चालक परिचय-पत्र

फोटो

चालकको नामः ................................

ठेगानाः ..............................

चालक परिचय.पत्र नं- ..............................

लाइसेन्स नं ..............................

सम्पर्क नं. ..............

प्रमाणित गर्नेको दस्तखत

................................

प्रमुख प्रशासकीय अधिकृत

# सूर्योदय नगरपालिकाको वालवालिका सम्वन्धि ऐन, २०७६

**प्रस्तावना**

वालवालिकाको अधिकारको रुपमा वाल बचाउ, वाल संरक्षण, वाल सहभागिताको पक्षलाई लक्षित गरिएको वालमैत्री स्थानीय शासन मार्फत विभेद रहित वालबिकासको सर्वोतम हित र सर्वाङ्गीण विकासका लागि वालवालिकाको आवाजको सम्मान र सहभागिताको सिद्धान्तलाई परिपूर्ति गर्न वाञ्छनीय भएकोले सूर्योदय नगरपालिकाले नेपालको संविधानको धारा २२६तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२(१) ले दिएको अधिकार प्रयोग गरी यो ऐन बनाई लागू गरिएको छ ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "सूर्योदय नगरपालिकाको वालवालिका सम्वन्धि ऐन, २०७६" रहेको छ।

(२) यो ऐन सूर्योदय नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "नगरपालिका" भन्नाले सूर्योदय नगरपालिका भन्ने सम्झनु पर्छ ।

(ख) "नगर प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

(ग) "उप-प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको उप-प्रमुखलाई सम्झनु पर्छ ।

(घ) "वडा अध्यक्ष" भन्नाले सम्वन्धित वडाका वडाअध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) "वालवालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेको वालवालिका सम्झनु पर्छ।

(च) "अनाथ वालवालिका" भन्नाले प्रचलित कानून बमोजिमका अनाथ वालवालिका सम्झनु पर्छ ।

(छ) "वेवारिसे वालवालिका" भन्नाले बाबु आमाको ठेगान नभएको वा कोही वारिस नभएको वालवालिका सम्झनु पर्छ ।

(ज) "परिवार" भन्नाले वालवालिकाका बाबु आमा एका सगोलका दाजु-भाइ, दिदी-बहिनी, हजुरबुबा वा हजुरआमा सम्झनु पर्छ र सो शब्दले एका सगोलमा बस्ने नजिकका अन्य नातेदारलाई समेत जनाउँछ ।

(झ) "वालवालिका विरुद्धको हिंसा" भन्नाले दफा ३२ को उपदफा (२) बमोजिमको कार्य सम्झनु पर्छ ।

(ञ) "वाल कल्याण अधिकारी " भन्नाले महिला वालवालिका तथा समाजकल्याण शाखा- प्रमुखलाई सम्झनु पर्नेछ।

(ट) "वाल गृह" भन्नाले दफा २५ बमोजिम स्थापना भएको वाल गृह सम्झनुपर्छ।

(ठ) "वाल यौन दुर्व्यवहार" भन्नाले दफा ३२ को उपदफा (३) बमोजिमको कार्य सम्झनु पर्छ।

(ड) "शाखा " भन्नाले सूर्योदय नगरपालिकाको महिला , वालवालिका तथा समाज कल्याण शाखा सम्झनु पर्छ।

(ढ) “विशेष संरक्षणको आवश्यकता भएका वालवालिका” भन्नाले दफा २२ बमोजिमका वालवालिका सम्झनु पर्छ।

(ण) “संरक्षक” भन्नाले वालवालिकाको हक, हितको संरक्षण गर्न यस ऐन वा प्रचलित कानून बमोजिम दायित्व भएको वा नियुक्ती गरिएका व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शब्दले संरक्षक नभएको अवस्थामा माथवरलाई समेत जनाउँछ।

## परिच्छेद–२

## वालवालिकाको अधिकार

३. **बाँच्न पाउने अधिकारः** (१) प्रत्येक वालवालिकालाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार हुनेछ।

(२) सूर्योदय नगरपालिकाले वालवालिकाको बाँच्न पाउने अधिकार र वालवालिकाको विकासको लागि वालवालिका माथि हुन सक्ने दु र्घटनाको रोकथाम, जोखिमको न्यूनीकरण लगायतका प्रतिरोधात्मक र सुरक्षा सेवाका लागि आवश्यक उपाय अवलम्बन गरिनेछ।

४. **नाम र पहिचानको अधिकारः** (१) प्रत्येक वालवालिकालाई आफ्नो पहिचान सहित नामा करण र जन्मदर्ताको हक हुनेछ ।

(२) वालवालिका जन्मेपछि निजको बाबु वा आमाले वालवालिकाको नाम रा खी प्रचलित कानून बमोजिम जन्म दर्ता गर्नु पर्नेछ ।

(३) नावालकको जन्मदर्ता गर्ने सम्बन्धमा बाबुको ठेगान नलागेको ना वालकको हकमा आमा सूचक भई जन्म दर्ता गर्न सक्ने ।

(४) बेवारिसे वालवालिकाको जन्म दर्ताको हकमा सम्वन्धित वडाको वडा सदस्यको सिफारिसमा वडा अध्यक्ष सूचक वसी जन्म दर्ता गर्न सकिने छ ।

(५) जवरजस्ती करणी वा प्रचलित कानून बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिको आमाले चाहेमा आमाको नाम मात्र उल्लेख गरी जन्मदर्ता गरिदिनु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम नाम राख्दा बाबु वा आमा तत्काल उपलब्ध नभएमा वा उपलब्ध हुन सक्ने सम्भावना नरहेमा त्यस्ता वालवालिकाले आफूलाई हेरचाह गर्ने निजका परिवारका अन्य सदस्य वा संरक्षकले राखे बमोजिमको नाम पाउने छ।

(७) प्रत्येक वालवालिकाले जन्मे पछि निजको बाबु आमाको सहमतिबाट राखिएको थर वा त्यस्तो सहमति हुन नसकेमा निजको बाबुको थर आफ्नो नाम पछाडि प्रयोग गर्न पाउनेछ।

(८) उपदफा (५)मा जुनसुकै कुरा लेखिएको भए तापनि वालवालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउने छ।

५. **भेदभाव विरुद्धको अधिकारः** (१) कुनै पनि वालवालिकालाई निज, निजको परिवार वा संरक्षकको धर्म, वर्ण, जात, जाति ,लिङ्ग, उत्पत्ति, भाषा, संस्कृति, वैचारिक आस्था, शारीरिक वा मानसिक अवस्था, अपाङ्गता, वैवाहिक स्थिति, पारिवारिक हैसियत, पेशा, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा अन्य यस्तै कुनै आधारमा भेदभाव गरिने छैन।

(२) कसैले पनि आफ्नो छोरा, छोरी र धर्मपुत्र धर्मपुत्री वा आफ्नो संरक्षणमा रहेका वालवालिका बीच कुनै किसिमको भेदभाव गर्न पाइने छैन।

६. **बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकारः** (१) कुनै पनि वालवालिकालाई निजको इच्छा विपरीत बाबु वा आमाबाट भिन्न वा अलग गर्नु हुँदैन।

(२) धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले धर्मपुत्र वा धर्मपुत्री हुने वालवालिकालाई आफ्नो जन्म दिने बाबु आमासँग भेटघाट, सम्पर्क तथा पत्राचार गर्न दिनु पर्नेछ।

(३) बैकल्पिक हेरचाह गर्ने व्यक्ति वा संस्थाले आफ्नो हेरचाह वा संरक्षणमा रहेका वालवालिकालाई निजको जन्म दिने बाबुआमा वा परिवारसँग भेटघाट गर्न दिनु पर्नेछ।

७. **संरक्षणको अधिकारः** (१) प्रत्येक वालवालिकालाई आफ्नो बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षकबाट उचित हेरचाह, संरक्षण, पालनपोषण र माया प्राप्त गर्ने अधिकार हुनेछ।

(२) वालवालिकाको हेरचाह, संरक्षण तथा पालनपोषण गर्ने सम्बन्धमा बाबुआमाको समान दायित्व हुनेछ। बाबुआमाको सम्बन्ध विच्छेद भएको वा अन्य कुनै कारणले अलग बसेको अवस्थामा वालवालिकाको पालनपोषणको खर्च आर्थिक क्षमता अनुसार बाबुआमा दुवैले व्यहोर्नु पर्नेछ।

(३) कुनै पनि बाबु , आमा, परिवारका अन्य सदस्य वा संरक्षकले आफ्नो छोरा -छोरी वा संरक्षकत्वमा रहेका वालवालिकाहरुलाई बेवारिस छोड्न वा त्याग्न पाउने छैन्।

(४) अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित, जोखिममा परेका वा सडकमा बस्ने वालवालिकालाई सुनिश्चित भविष्यको लागि राज्यबाट तोकिए बमोजिम विशेष संरक्षण पाउने अधिकार हुनेछ।

(५) प्रत्येक वालवालिकालाई निजको बाबु, आमा, परिवारका अन्य सदस्य वा संरक्षक, शिक्षक तथा अन्य व्यक्तिबाट हुने हरे क किसिमका शारीरिक वा मा नसिक हिंसा र यातना , हेला, अमानवीय व्यवहार, लैङ्गिक वा छुवाछुतजन्य दुर्व्यवहार, यौनजन्य दुर्व्यवहार र शोषण विरुद्ध संरक्षण प्राप्त गर्ने अधिकार हुनेछ।

(६) कुनै पनि वालवालिकालाई सेना, प्रहरी र सशस्त्र समूहमा भर्ना गर्न र प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सशस्त्र द्वन्द्व वा राजनैतिक उद्देश्यको लागि प्रयोग गर्न पाइने छैन।

(७) अठाह्र वर्ष मुनिका वालवालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रुपमा राख्नु हुँदैन।

८. **सहभागिताको अधिकारः** आफ्नो धारणा बनाउन सक्षम भएका वालवालिकालाई आफूलाई असर गर्ने विषयमा परिवार, समुदाय, विद्यालय वा अन्य सार्वजनिक निकाय वा संस्था लगायतबाट गरिने निर्णयमा सहभागी हुने अधिकार हुनेछ ।

९. **अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकारः** (१) प्रत्येक वालवालिकालाई प्रचलित कानून बमोजिम स्वतन्त्र रुपमा आफ्नो कुरा राख्ने अधिकार हुनेछ ।

(२) प्रत्येक वालवालिकालाई प्रचलित कानूनको अधीनमा रही आफ्नो हक , हित र सरोकारको विषयमा सूचना माग्ने र पाउने अधिकार हुनेछ ।

**१०. संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकारः** (१) प्रत्येक वालवालिकालाई बाल अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि वाल-क्लब वा संस्था खोल्ने वा शान्तिपूर्वक भेला हुने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम वाल क्लब वा संस्था खोल्ने सम्वन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

**११. गोपनीयताको अधिकारः** (१) प्रत्येक वालवालिकालाई निजको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्र सम्वन्धि विषयमा गोपनीयताको अधिकार हुनेछ ।

(२) कसैले पनि वालवालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज, ग्लानी वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना , विवरण, फोटो, भिडियोको सिर्जना, सूचना सङ्कलन, प्रकाशन, मुद्रण, प्रदर्शन, बिक्री वितरण वा कुनै पनि माध्यमबाट प्रवाह गर्न वा गराउन हुँदैन ।

(३) वाल अदालत, प्रहरी कार्यालय, संरक्षक, अभिभावक वा अन्य निकायबाट कसूरजन्य कार्यको आरोप लागेका वा पीडित वालवालिकाको नाम थर, ठेगाना, उमेर, लिङ्ग, पारिवारिक पृष्ठभूमि, आर्थिक स्थिति, कसूर तथा त्यस सम्बन्धमा कुनै कारबाही भएको भए सो लगायत वालवालिकाको विवरण कानून बमोजिम बाहेक अन्यत्र प्रयोग गरिनु हुँदैन।

तर कुनै अध्ययन वा शोध कार्यका लागि प्रकाशित गर्नु परेमा वालवालिका र निजको परिवारको नाम, थर, ठेगाना तथा अन्य पहिचान नखुल्ने गरी उमेर वा लिङ्ग मात्र उल्लेख गरी प्रकाशन गर्न सकिनेछ।

**१२. अपाङ्गता भएका वालवालिकाको विशेष अधिकारः** (१) अपाङ्गता भएका वालवालिकालाई तोकिए बमोजिम विशेष संरक्षणको व्यवस्था गरिनेछ।

(२) अपाङ्गता भएका प्रत्येक वालवालिकालाई आफ्नो मान-प्रतिष्ठा सुनिश्चित गर्ने , आत्मनिर्भरता प्रवर्द्धन गर्ने, समाजमा सक्रिय रुपले सहभागी हुने तथा सम्मानजनक रुपमा बाँच्न पाउने अधिकार हुनेछ।

(३) अपाङ्गता भएका वालवालिकालाई विशेष हेरचाह पाउने र समाजमा घुलमिल हुन तथा आफ्नो व्यक्तिगत विकासको लागि शिक्षा, तालिम, स्वास्थ्य स्याहार सेवा, पुनर्स्थापना सेवा, रोजगारीको तयारी तथा मनोरञ्जनका अवसर प्राप्त गर्ने अधिकार हुनेछ।

(४) अपाङ्गता भएका वालवालिकालाई सार्वजनिक सेवा , सुविधामा समान पहुँच र उपभोगको अधिकार हुनेछ।

**१३. पोषण तथा स्वास्थ्यको अधिकारः** (१) प्रत्येक वालवालिकालाई उचित पोषण, सफा खानेपानी तथा दुई वर्षसम्मका वालवालिकालाई स्तनपानको समेत अधिकार हुनेछ।

(२) गर्भवती महिला र वालवालिकालाई रोगबाट बच्न आवश्यक खोपहरु लिन पाउने र राष्ट्रिय मापदण्ड अनुरुपको शारीरिक तथा मानसिक स्वास्थ्य सेवा उपभोग गर्न पाउने, उमेर र परिपक्वता अनुसार शरीर, प्रजनन् तथा प्रजनन् स्वास्थ्य सम्वन्धि जानकारी पाउने अधिकार हुनेछ।

(३) प्रत्येक वालवालिकालाई आधारभूत स्वास्थ्य उपचार निःशुल्क रुपमा प्राप्त गर्ने अधिकार हुनेछ।

**१४. खेलकूद, मनोरञ्जन तथा साँस्कृतिक अधिकारः** (१) प्रत्येक वालवालिकालाई निजको उमेर र रुची अनुसारको खेल खेल्ने र खेलकूदमा सहभागी हुने अधिकार हुनेछ।

(२) प्रत्येक विद्यालयले पठन -पाठन बाहेकको समयमा वालवालिकालाई खेलकूदमा सहभागी हुन प्रोत्साहन गर्ने र त्यसको लागि आवश्यक उपयुक्त खेलकूद स्थल र खेलकूद सामग्रीको व्यवस्था गर्नुपर्नेछ।

(३) प्रत्येक वालवालिकालाई आफ्नो उमेर, रुची र आवश्यकता अनुसार बालमैत्री मनोरञ्जन गर्ने अधिकार हुनेछ।

(४) प्रत्येक वालवालिकालाई आफ्नो हित प्रतिकूल नहुने गरी आफ्नो धर्म , संस्कृति, चलन, रीतिरिवाज र आस्था अनुरुप सांस्कृतिक क्रियाकलापमा भाग लिने अधिकार हुनेछ।

**१५. शिक्षाको अधिकारः** (१) छ वर्ष मुनिका वालवालिकालाई आफ्नो उमेर र विकासको स्तर अनुसार उपयुक्त ढङ्गले सिक्न पाउने तथा प्रारम्भिक वाल विकासको अधिकार हुनेछ।

(२) प्रत्येक वालवालिकालाई प्रचलित कानून बमोजिम आधारभूत तहसम्मको शि क्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क रुपमा बालमैत्री वातावरणमा पाउने अधिकार हुनेछ।

(३) प्रत्येक वालवालिकालाई आफ्नो विशेष शारीरिक तथा मानसिक अवस्था अनुसार प्रचलित कानून बमोजिम उपयुक्त अध्ययन सामग्री तथा शिक्षण विधि मार्फत शिक्षा पाउने अधिकार हुनेछ।

(४) दलित, अपाङ्ग र लोपो न्मुख वालवालिकालाई प्रचलित कानून बमोजिम छात्रवृत्ति सहितको निःशुल्क शिक्षा पाउने अधिकार हुनेछ।

## परिच्छेद– ३

## वालवालिकाप्रतिको दायित्व

**१६. वालवालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनु पर्नेः** (१) वालवालिकासँग सम्वन्धित कार्य गर्ने प्रत्येक निकाय तथा संस्थाका अधिकारीले हरेक काम कारवाही गर्दा वालवालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिई आवश्यक बालमैत्री प्रक्रिया अपनाउनु पर्नेछ।

(२) जीवन जोखिममा भएका वालवालिकालाई तत्काल सहयोग गर्नु सवैको दायित्व हुनेछ।

(३) वालवालिका रहने वा वालवालिकालाई सेवा प्रदान गर्ने सार्वजनिक र नीजि सामाजिक संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री हुने गरी आवश्यक व्यवस्था मिलाउनु पर्नेछ।

**१७. परिवार वा संरक्षकको दायित्वः**(१) वालवालिकाको हेरचाह, पालनपोषण र वृत्ति विकासमा बाबु र आमा दुवैको समान दायित्व हुनेछ।

(२) वालवालिकालाई हेरचाह , पालनपोषण र संरक्षण गर्नु शिक्षा , स्वास्थ्य उपचार लगायत व्यक्तित्व विकासका अवसरहरु उपलब्ध गराउनु , माया ममतापूर्ण वातावरण उपलब्ध गराउनु र सुनिश्चत भविष्यको लागि उचित मार्गदर्शन गर्नु प्रत्येक बाबु-आमा, परिवारका अन्य सदस्य वा संरक्षकको दायित्व हुनेछ।

(३) बाबु-आमा, परिवारका अन्य सदस्य वा संरक्षकले विद्यालय जाने उमेरका प्रत्येक वालवालिकालाई विद्यालयमा भर्ना गराई शिक्षा आर्जनको लागि समुचित वातावरण उपलब्ध गराउनु पर्नेछ।

(४) बाबु-आमा, परिवारका अन्य सदस्य वा संरक्षकले ६ वर्ष उमेर नपुगेका वालवालिकालाई निवास वा अन्य स्थानमा एक्लै छाड्न वा उमेर पुगेको व्यक्तिको साथमा नलगाई एक्लै अन्यत्र पठाउन हुँदैन।

१८. **सूर्योदय नगरपालिकाको दायित्वः** विशेष संरक्षणको आवश्यकता भएका वालवालिकाको पालनपोषण, संरक्षण, स्वास्थ्य र शिक्षा लगायतका आधारभूत आवश्यकताको व्यवस्था गर्न नगरपालिकाले उपलब्ध स्रोत साधनको आधारमा आवश्यक व्यवस्था मिलाउनेछ।

१९. **सञ्चार क्षेत्रको दायित्वः** बालअधिकारको उल्लङ्घन र वालवालिकाको हित प्रतिकूल नहुने गरी सूचना प्रकाशन वा प्रसारण गर्नु सञ्चार क्षेत्रको दायित्व हुनेछ।

## परिच्छेद –४

## वाल न्याय सम्वन्धि व्यवस्था

२०. **वाल न्याय सम्पादन गर्दा विचार गर्नु पर्ने कुराह रुः** (१) वाल न्याय सम्पादन कार्यमा संलग्न व्यक्ति, पदाधिकारी र बाल अदालतले न्याय सम्पादनको सिलसिलामा यस ऐनमा अन्यत्र उल्लिखित कुराका अतिरिक्त देहायका कुराहरु विचार गर्नु पर्नेछः

(क) वालवालिकालाई असर पर्ने कुनै निर्णय गर्नु अघि निजको धारणा बुझ्ने,

(ख) वालवालिकाको हित र स्वार्थ जोडिएको कुनै पनि विषयमा निर्णय गर्नु अघि निजको बाबु - आमा, परिवारका अन्य सदस्य वा संरक्षकलाई आफ्नो भनाई राख्ने अवसर दिने,

(ग) वालवालिकाको उमेर, बौद्धिक विकासको स्तर, आस्था र साँस्कृतिक मूल्य मान्यता अनुरुपको बोली, वचन र व्यवहार गर्ने ,

(घ) वालवालिकासँग सम्वाद गर्दा निजले चाहेको भाषामा गर्ने र आवश्यकतानुसार दोभाषेको सहयोग लिने।

२१. **वालवालिकालाई नियन्त्रणमा लिनेः** (१) कसुरजन्य कार्यको सूचना प्राप्त भएमा अनुसन्धान अधिकारीले यथाशीघ्र सो कसूरको सम्बन्धमा अनुसन्धान प्रारम्भ गर्नु पर्नेछ। त्यसरी अनुसन्धान गर्दा कसूरजन्य कार्यको आरोप लागेको वालवालिकालाई अनुसन्धानको लागि नियन्त्रणमा नलिई नहुने देखिएमा अनुसन्धान अधिकारीले त्यस्तो वालवालिकालाई नियन्त्रणमा लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नियन्त्रणमा लिइएका वालवालिकालाई नियन्त्रणमा लिइरहन आवश्यक नदेखिएमा निजको परिवारको सदस्य, संरक्षक वा नजिकको नातेदारलाई जिम्मा लगाउनु पर्नेछ।

**परिच्छेद –५**

**वालवालिकाको विशेष संरक्षण र पुनर्स्थापना**

**२२. विशेष संरक्षणको आवश्यकता भएका वालवालिका:** (१) देहायका वालवालिका विशेष संरक्षणको आवश्यकता भएका वालवालिका मानिनेछन:

(क) अनाथ वालवालिका,

(ख) अस्पताल वा अन्य कुनै सार्वजनिक स्थानमा अलपत्र अवस्थामा छाडिएका वा फेला परेका, बाबु-आमाबाट अलग्गिएका वा बाबु-आमा पत्ता नलागि बेवारिसे भएका वालवालिका,

(ग) बाबु-आमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका वालवालिका,

(घ) कानूनी विवादमा परेका वालवालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका वालवालिका,

(ङ) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका वालवालिका,

(च) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालन-पोषण गर्न नसक्ने भनी वाल कल्याण अधिकारी समक्ष निवेदन परेका वालवालिका,

(छ) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले वालवालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका वालवालिका,

(ज) जबरजस्ती वा बँधुवा प्राकृतिक वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका , धूमपान, मद्यपान एवम् अन्य लागू औषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित वालवालिका,

(झ) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबु-आमा वा परिवारबाट उपचारको व्यवस्था हुननसकेको वा सामान्य जीवनयापन गर्न कठिनाई भएका वालवालिका,

(ञ) वालवालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका वालवालिका,

(ट) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबु -आमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका, बेपत्ता भएका, आफू नै शारीरिक वा मानसिक रुपमा घाइते भएका वा अपाङ्गता भएका वालवालिका,

(ठ) विपन्न दलित समुदायका वालवालिका,

(ड) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका वालवालिका भनी तोकेका अन्य वालवालिका।

(२) उपदफा (१) बमोजिमका वालवालिकालाई आवश्यकता अनुसार उद्धार , अस्थायी संरक्षण, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, पारिवारिक पुनर्मिलन, पुनर्स्थापना वैकल्पिक हेरचाह, परिवार

सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण लगायत अन्य से वा तथा सहयोग तोकिए बमोजिम हुनेछ।

२३. **वैकल्पिक हेरचाहको व्यवस्थाः** (१) दफा २२ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ), (च) र (छ) बमोजिमका वालवालिकालाई वैकल्पिक हेरचाहको आवश्य कता भएका वालवालिका मानिनेछ।

(२) उपदफा (१) बमोजिमको वालवालिकालाई देहायको प्राथमिकताको आधारमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछः

(क) वालवालिकाको आमा वा बाबुको तर्फका नातेदार,

(ख) वालवालिकालाई हेरचाह गर्न इच्छुक परिवार वा व्यक्ति,

(ग) वालवालिकालाई परिवारमा आधारित हेरचाह गर्ने संस्था,

(घ) बालगृह,

(३) वैकल्पिक हेरचाह सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२४. **वालवालिकाको संरक्षणः** (१) कुनै ठाउँमा विशेष संरक्षणको आवश्य कता भएका वालवालिका रहे भएको थाहा पाउने व्यक्तिले सो कुरा सूचना बालकल्याण अधिकारीलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जानकारी प्राप्त भएमा बालकल्याण अधिकारीले त्यस्तो वालवालिकाको तत्काल उद्धार गर्नु पर्ने देखेमा उद्धार गरी दफा ३४ बमोजिमको अस्थायी संरक्षण सेवामा राख्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त सूचनाको आधारमा बालकल्याण अधिकारीले जाँचबुझ तथा छानबिन गरी आवश्यक सेवाको व्यवस्था गर्न सक्नेछ ।

(४) बालकल्याण अधिकारीले उपदफा (३) बमोजिमको आवश्यक सेवा प्रदान गर्न तोकिए बमोजिमको समाजसेवीलाई जिम्मेवारी दिन सक्नेछ।

(५) उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा विशेष संरक्षणको आवश्य कता भएका वालवालिकाको लागि आवश्यक अन्य सेवा सुनिश्चित गर्नु पर्नेछ।त्यसरी विशेष संरक्षण गर्न आवश्यक न देखीएमा र निजको बाबु , आमा, परिवारको अन्य सदस्य वा संरक्षक फेला परेमा बालकल्याण अधिकारीले त्यस्तो वालवालिकालाई निजको जिम्मा लगाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम बालकल्याण अधिकारीले वालवालिकालाई निजको बाबु , आमा, परिवारको अन्य सदस्य वा संरक्षकलाई जिम्मा लगाउनको लागि कुनै सहयोग गर्नु पर्ने देखेमा सम्बद्ध निकायसँग समन्वय गरी सहयोग प्रायोजन वा परिवार सहयो ग जस्ता आवश्यक सेवाको व्यवस्था मिलाउनु पर्नेछ।

**स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि**

(क) 'सहयोग प्रायोजन' भन्नाले कुनै व्यक्ति, संघ, संस्था वा निकायद्वारा वालवालिकालाई आवश्यक पालन पोषण तथा शिक्षाको लागि दीर्घकालीन तथा अल्पकालीन रुपमा आर्थिक सहयोग उपलब्ध गराउने कार्य सम्झनु पर्छ।

(ख) 'परिवार सहयोग' भन्नाले वालवालिकाको परिवारलाई बिखण्डन तर्फ लैजाने आर्थिक तथा सामाजिक कारणको पहिचान र निराकरण गरी त्यसबाट परिवारको एकता तथा सौहार्दता कायम गराउँदै सम्वन्धित परिवारभित्रैबाट वालवालिकाको संरक्षण हुने वातावरण सिर्जना गर्न गरिने सहयोग सम्झनु पर्छ।

(७) उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा वैकल्पिक हेरचाहको आवश्यकता भएको देखीएमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था गर्नु पर्नेछ।

(८) वालवालिका पीडित भएको मुद्दामा पीडित वालवालिकाले चाहेमा वा बाबु-आमा, अभिभावक नै पीडक भएमा वा पीडकसँग मिली वालवालिका थप जोखिममा पर्ने सम्भावना देखीएमा वा घटनाको छानबिन, कारवाही तथा सत्य तथ्य बुझ्न बाधा पर्ने देखीएमा बालकल्याण अधिकारीले त्यस्ता पीडित वालवालिकालाई बाबुआमा वा परिवारबाट समेत निश्चित अवधिका लागि लगत गराई अस्थायी संरक्षण सेवामा राख्ने व्यवस्था गर्नु पर्नेछ।

(९) उपदफा (३) बमोजिम जाँचबुझ तथा छानबिन गर्दा वालवालिकाको पितृत्व र मातृत्वको ठेगान नलागेको पाइएमा बाल कल्याण अधिकारीले निजको जन्म दर्ता तथा पहिचान खुल्ने सरकारी परिचय-पत्रको लागि सिफारिस गरिदिनु पर्नेछ।

२५. **बाल गृहको स्थापना तथा सञ्चालाः** (१) विशेष संरक्षणको आवश्यता भएका वालवालिकाको संरक्षण गर्ने प्रयोजनको लागि नेपाल सरकार , प्रदेश सरकार वा स्थानीय तहले आवश्यकतानुसार बाल गृहको स्थापना गर्नेछन्।

(२) बाल गृहको स्थापना, सञ्चालनको योग्यता, सञ्चालन अनुमति, नवीकरण, वर्गीकरण, व्यवस्थापन, सञ्चालन मापदण्ड र अनुगमन सम्वन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

२६. **बाल संरक्षण सम्वन्धि मापदण्डः** (१) विद्यालय, वालवालिकासँग प्रत्यक्ष काम गर्ने प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवम् सामाजिक संस्थाहरुले वालवालिका विरुद्धको हिंसा वा बाल यौन दुर्व्यवहारको रोकथाम गर्न, वालवालिकाको संरक्षण सुनिश्चित गर्न र उजूरीको तत्काल कारवाही गर्नको लागि संस्थागत तहमा बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्माण गरिएको बाल संरक्षण मापदण्ड कार्यन्वयन गर्नु विद्यालय, प्रत्येक सार्वजनिक निकाय तथा निजी क्षेत्र एवम् सामाजिक संस्थाका प्रमुखको दायित्व हुनेछ ।

२७. **अनुगमन तथा प्रतिवेदनः** (१) यस ऐन बमोजिम वालवालिकाको हेरचाह र पालन-पोषण गर्न जिम्मा लिएका व्यक्ति, संरक्षक वा संस्थाले वालवालिका सम्वन्धि विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सम्वन्धित बाल कल्याण अधिकारी मार्फत् स्थानीय बाल अधिकार समिति समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त विवरणको आधारमा स्थानीय बाल अधिकार समितिले प्रतिवेदन तयार गरी वार्षिक रुपमा प्रदेशस्त रको वाल अधिकार समिति र स्थानीय तहको बाल अधिकार समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) स्थानीय बाल अधिकार समितिले स्थानीय तहभित्रका वालवालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा आवधिक रुपमा निरीक्षण र अनुगमन गर्नेछ ।

**परिच्छेद –६**

**बाल अधिकार तथा बाल कल्याणसम्वन्धि संस्थागत व्यवस्था**

२८. **सूर्योदय नगरपालिकाको बाल अधिकार समितिः** (१) सूर्योदय नगरपालिकामा नगरपालिकाको उप-प्रमुख वा उप-प्रमुखले तोकेको नगर कार्यपालिकाको सदस्यको अध्यक्षतामा नगर वाल अधिकार समिति रहनेछ।

(३) उपदफा (१) बमोजिमका सूर्योदय नगरपालिकाको बाल अधिकार समितिमा रहने सदस्य संख्या र त्यस्तो समितिको काम , कर्तव्य र अधिकार तथा बैठक सम्वन्धि कार्यविधि सूर्योदय कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

२९. **बालकल्याण अधिकारीः**(१) वालवालिकाको अधिकारको सम्मान , संरक्षण र सम्बर्द्धन तथा बालसंरक्षण कार्य समेत गर्नका लागि सूर्योदय नगरपालिकामा एक जना बाल कल्याण अधिकारी रहनेछ।

३०. **बाल कोषः** (१) वालवालिकालाई तत्काल उद्धार, राहत र पुर्नस्थापना गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि एक बाल कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) विदेशी सरकार, अन्तराष्ट्रिय संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(ग) स्वदेशी व्यक्ति, संघ वा संस्थाबाट प्राप्त रकम,

(घ) बाल अदालतबाट भएको जरिवानाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

(३) उपदफा (२) को खण्ड (ख) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार , अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन, सञ्चालन र प्रयोग सम्वन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद – ७

## वालवालिकाको अधिकार तथा निजप्रतिको दायित्वको संरक्षण र प्रचलन

**३१. सूर्योदय नगरपालिकाले वालवालिकाको अधिकार प्रचलन गराउनेः** (१) कसैले परिच्छेद २ बमोजिमको वालवालिकाको अधिकार उल्लङ्घन गरेमा वा परिच्छेद ३ बमोजिम वालवालिकाप्रतिको दायित्व पूरा नगरेमा सो अधिकारको प्रचलन वा दायित्व पूरा गराउनको लागि सम्वन्धित वालवालिका वा सरोकारवालाले सूर्योदय नगरपालिकाको न्यायिक समितिमा निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा न्यायिक समितिले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र सम्वन्धित व्यक्तिलाई झिकाई आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाँचबुझ गर्दा सम्वन्धित व्यक्तिले वालवालिकाको अधिकार उल्लङ्घन गरेको वा वालवालिकाप्रतिको दायित्व पूरा गरेको नदेखीएमा न्यायिक समितिमा निवेदन परेको तीस दिनभित्र वालवालिकाको अधिकार प्रचलन गराउन वा वालवालिकाप्रतिको दायित्व पूरा गर्न नगरपालिका सम्वन्धित व्यक्ति, संस्था वा निकायलाई आदेश दिनेछ ।

(४) यस दफा बमोजिम वालवालिकाको अधिकारको प्रचलन वा वालवालिका प्रतिको दायित्व पूरा गराउँदा न्यायिक समितिले वालवालिका, संरक्षक वा परिवारका व्यक्तिलाई आवश्यक सुझाव दिन वा संरक्षक वा परिवारका व्यक्तिलाई सचेत गराउन सक्नेछ ।

## परिच्छेद -८

## वालवालिका विरुद्धको कसूर

**(३२) वालवालिका विरुद्धको कसूरः** (१) कसैले उपदफा (२) बमोजिमको हिंसा वा उपदफा (३) बमोजिमको यौन दुर्व्यवहार हुने कुनै कार्य गरेमा यसै ऐन अन्तर्गतको वालवालिका विरुद्धको कसूर गरेको मानिनेछ।

(२) कसैले वालवालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा वालवालिका विरुद्ध हिंसा गरेको मानिनेछः

(क) धूमपान, मद्यपान वा जुवा, तास जस्ता कुलतमा संलग्न गराउने,

(ख) बालिगहरुका लागि खोलिएका डान्स बार, क्यासिनो जस्ता मनोरञ्जन स्थलमा प्रवेश वा प्रयोग गराउने,

(ग) बालिगहरुका लागि भनी तोकिएका चलचित्र, अन्य श्रव्य दृष्य जस्ता सामग्री देखाउने,

(घ) घर, विद्यालय वा जुनसुकै स्थानमा शारीरिक वा मानसिक दण्ड दिने वा अमर्यादित व्यवहार गर्ने,

(ङ) शारीरिक चोट पटक वा असर पुर्याउने, आतंकित पार्ने वा धम्क्याउने , तिरस्कार, उपेक्षा, भेदभाव, बहिष्कार वा घृणा गर्ने, एक्ल्याउने वा मानसिक पीडा दिने,

(च) विद्युतीय वा अन्य माध्यम प्रयोग गरी सताउने, कष्ट दिने,

(छ) राजनैतिक प्रयोजनका लागि संगठित गर्ने वा हड्ताल, बन्द, चक्काजाम, धर्ना वा जुलुसमा प्रयोग गर्ने,

(ज) गैरकानूनी थुना, कैद, कारावास वा नजरबन्दमा राख्ने, नेल, हतकडी लगाउने,

(झ) क्रूर अमानवीय व्यवहार गर्ने वा यातना दिने,

(ञ) सनातन, परम्परा वा कुनै धार्मिक वा सांस्कृतिक कार्यको लागि बाहेक भिक्षा माग्न लगाउने वा सन्यासी, भिक्षु, फकीर वा अन्य कुनै भेष धारण गर्न लगाउने,

(ट) जबरजस्ती अनाथ घोषणा गर्ने वा अनाथको रुपमा दर्ता गराउने,

(ठ) भाकल, धार्मिक वा अन्य कुनै अभिप्रायले कसैको नाउँमा चढाउने वा समर्पण गर्ने वा परम्परा, संस्कृति, रितिरिवाजको नाममा कुनै प्रकारको हिंसा , विभेद, हेला वा बहिष्कार गर्ने वा उपहासको पात्र बनाउने,

(ड) जादु वा सर्कसमा लगाउने,

(ढ) कसूरजन्य कार्य गर्न सिकाउने, तालिम दिने वा त्यस्तो कार्यमा लगाउने,

(ण) वालवालिकाको विवाह तय गर्ने वा वालवालिकासँग विवाह गर्ने वा गराउने,

(त) प्रचलित कानून विपरीत वालवालिकाको अङ्ग झिक्ने,

(थ) औषधि वा अन्य कुनै परीक्षणको लागि वालवालिकालाई प्रयोग गर्ने,

(द) कानून बमोजिम बाहेक वाल गृहमा राख्ने ।

(३) कसैले वालवालिका उपर देहाय बमोजिमको कुनै कार्य गरेमा बाल यौन दु र्व्यबहार गरेको मानिनेछः

(क) अश्लील चित्र, श्रव्यदृष्य वा यस्तै किसिमका अन्य सामग्री देखाउने वा देखाउन लगाउने वा अश्लील तथा यौनजन्य आचरण वा व्यवहार झल्कने अभिव्यक्ति वा हाउभाउ प्रदर्शन गर्ने वा बाल अश्लीलता प्रदर्शन गर्ने वा गराउने,

(ख) वालवालिकाको वास्तविक वा काल्पनिक अश्लील चित्र वा श्रव्यदृष्य सामग्री वितरण गर्ने, भण्डारण गर्ने वा त्यस्ता सामग्री प्रयोग गर्ने,

(ग) यौनजन्य क्रियाकलापका लागि प्रस्ताव गर्ने, फकाउने, दबाब दिने वा धम्काउने,

(घ) अश्लील कार्य तथा सामग्री निर्माणमा प्रयोग गर्ने,

(ङ) यौनजन्य मनसायले शरीरको संवेदनशील अंगमा स्पर्श गर्ने, चुम्बन गर्ने, समाउने, अङ्कमाल गर्ने वा आफ्नो वा अरु कसैको शरीरको संवेदनशील अङ्ग छुन वा समाउन लगाउने वा यौनजन्य मनसायले बेहोस पार्ने वा यौनजन्य अङ्ग प्रदर्शन गर्ने वा गर्न लगाउने,

(च) कामवासना वा यौन उत्तेजना उत्पन्न गर्न वालवालिकालाई प्रयोग गर्ने वा गराउने,

(छ) यौन सन्तुष्टि प्राप्त गर्न वालवालिकालाई प्रयोग गर्ने वा गराउने,

(ज) वाल यौन शोषण गर्ने वा गराउने,

(झ) यौनजन्य सेवा उपलब्ध गराउने उद्देश्यले वालवालिकाको प्रयोग गर्ने वा गराउने,

(ञ) यौन दुर्व्यवहार गर्ने उद्देश्यले वालवालिकाको प्रयोग गर्ने वा गराउने,

(ट) वेश्यावृत्ति वा अन्य यौनजन्य कार्यमा प्रयोग गर्ने ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि सूचना तथा शिक्षा प्रदान गर्ने उद्देश्यले अश्लीलता प्रकट नहुने गरी यौन सम्वन्धि विषयमा शब्द, चित्र, श्रव्य, दृश्य साधन तथा वस्तु वा सामग्रीका बारेमा लेखेर , बोलेर, इशारा वा प्रदर्शनको माध्यमबाट कुनै कुरा प्रकट गरेमा वा स्वास्थ्योपचार वा वालवालिकाको हितका लागि दुर्घटना वा जोखिमबाट बचाउ गर्ने क्रममा असल नियतले गरिएका कार्यलाई यौन दुव्र्यवहार गरेको मानिने छैन् ।

३३. **सूचना दिनु पर्नेः** (१) बाबु-आमा, संरक्षक तथा वालवालिकालाई प्रत्यक्ष सेवा दिने हेरचाहकर्ता , शिक्षक, स्वास्थ्यकर्मी लगायत अन्य कसैले कुनै वालवालिका उपर हिंसा वा बाल यौन दु र्व्यवहार भएको, भइरहको वा हुन लागेको छ भन्ने थाहा पाएमा तुरुन्त नजिकको प्रहरी कार्यालयमा सूचना दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना तत्का ल सम्वन्धित प्रहरी कार्यालयले बालकल्याण अधिकारीलाई दिई आवश्यक सहयोग लिन सक्नेछन्।

(३) वालवालिकाको संरक्षण गर्ने मनसायले सूचना दिंदा सूचना दिने व्यक्तिलाई सूचना दिएको आधारमा मात्र कुनै कानूनी कारवाही गरिने छैन्।

(४) उपदफा (१) बमोजिम सूचना दिने व्यक्तिको पहिचान निजले चाहेमा गोप्य राख्नु पर्नेछ।

३४. **अस्थायी संरक्षण सेवाः** तत्काल उद्धार तथा संरक्षण गर्न आवश्यक देखीएका वालवालिकालाई सुरक्षित बसोवासको व्यवस्था मिलाउन नगरपालिकाले अस्थायी संरक्षण सेवाको प्रवन्ध गर्नेछ।

३५. **उद्धार, संरक्षण र स्वास्थ्य परीक्षण गर्नु पर्नेः** (१) वालवालिका विरुद्ध भएको हिंसा वा बाल यौन दुर्व्यवहार, सूचना, उजूरी वा जानकारी प्राप्त भएमा प्रहरी कर्मचारीले आवश्यक विवरण लेखी लेखाई, दर्ता गरी, वालवालिकालाई उद्धार गर्नु पर्ने भए तुरुन्त उद्धार गरी पीडित वालवालिकालाई अस्थायी संरक्षण सेवामा पठाउनु पर्नेछ।

(२) प्रहरी कर्मचारीले पीडित वालवालिकालाई शारीरिक वा मानसिक पीडा परेको देखीएमा तत्काल उपचारको लागि नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पठाई निजको स्वास्थ्य परीक्षण र उपचार गराउनु पर्नेछ।

(३) प्रहरी कर्मचारीले पीडित वालवालिकाको बयान लिंदा वालवालिकाको बाबुआमा, परिवारका अन्य सदस्य वा संरक्षक उपस्थि त हुन सक्ने भएसम्म उनीहरुको उपस्थितिमा र उपस्थित हुन नसकेमा सामाजिक संस्थाका महिला प्रतिनिधि वा समाजसेवीको उपस्थितिमा बयान लिनु पर्नेछ। तर बाबुआमा, संरक्षक वा परिवारका अन्य सदस्यले वालवालिका विरुद्ध हिंसा वा बाल यौन दुर्व्यवहार गरेकोमा बयान लिंदा भने उनीहरुलाई उपस्थित गराउनु हुँदैन।

## परिच्छेद – ९

## विविध

**३६. वालवालिकाको उमेर कायम गर्ने आधारः** (१)वालवालिकाको उमेर कायम गर्दा देहायका कुरालाई आधार मानिनेछः

(क) अस्पतालबाट जारी भएको वालवालिकाको जन्मदर्तामा उल्लिखित जन्म मिति,

(ख) खण्ड (क) बमोजिमको जन्म मिति नभएमा स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको जन्मदर्ता प्रमाण-पत्रमा उल्लेख भएको जन्म मिति,

(ग) खण्ड (ख) बमोजिमको प्रमाण-पत्र नभए विद्यालयको चारित्रिक प्रमाण-पत्रमा उल्लिखित जन्म मिति वा विद्यालयमा भर्ना हुँदाका बखत उल्लेख गरेको जन्म मिति,

(घ) खण्ड (ग) बमोजिमको प्रमाण-पत्र वा जन्म मिति पनि नभएमा अस्पतालबाट प्रमाणित उमेर सम्वन्धि प्रमाण-पत्रमा उल्लिखित मिति,

(ङ) खण्ड (घ) बमोजिमको प्रमाणपत्र पनि नभएमा जन्मकुण्डली, चिना, टिपोट, वालवालिकाको बाबु, आमा, संरक्षक वा परिवारका अन्य सदस्यले खुलाई दिएको उमेर वा यस्तै अन्य सम्बद्ध प्रमाण ।

**३७. निर्देशिका र कार्यविधि बनाउने अधिकारः** (१) यो ऐन र यस ऐन बमोजिम बनेको नियमावलीको अधीनमा रही आवश्यकता अनुसार सूर्योदय नगरपालिकाले निर्दे शिका र कार्यविधि बनाउन सक्नेछ।

(२) सूर्योदय नगरपालिकाले यस वालवालिका सम्वन्धि ऐनलाई समय सापेक्ष आवश्यक संशोधन गर्ने सक्नेछ ।

**३८. खारेजी र बचाउः** यो ऐन प्रचलित नेपाल सरकारको कानूनसँग बाझिन गएमा बाझिएको हद सम्म यो ऐनमा लेखिएका कुरा अमान्य हुनेछन् र नेपाल सरकारको कानूनमा लेखिएका कुराहरु मान्य हुनेछन्।

## सूर्योदय नगरपालिकाको स्थानीय तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन ऐन२०७६

प्रस्तावनाः

नगरबासीलाई अधिक मात्रामा ठोस हित हुने नीति निर्धारण गर्न , आयोजनाहरु तर्जुमा गर्न, सुशासनको प्रत्याभूति दिन र नगरको आर्थिक गतिविधि बारे यथेष्ठ ज्ञान प्राप्त गर्न नगरलाई यथार्थ आधार चाहिएको र त्यस्तो आधार जुटाउन तथ्याङ्क सङ्कलन सम्वन्धि सुविधाको व्यवस्था गर्न र तथ्याङ्क सङ्कलन अभिलेखीकरण प्रकाशन र विश्लेषण गर्नको निम्ति आवश्यक कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिमको अधिकार प्रयोग गरी यो ऐन बनाई लागू गरिएको छ।

**१. सङ्क्षिप्त नाम र प्रारम्भः-**

क. यो ऐनको नाम "सूर्योदय नगरपालिकाको स्थानीय तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन ऐन , २०७६" रहेको छ।

ख. यो ऐन नगरसभाबाट पारीत भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि तुरुन्त लागू हुनेछ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -**

क. "अधिकार प्राप्त कर्मचारी" भन्नाले यो ऐन अन्तर्गत सङ्कलन गर्नुपर्ने तथ्याङ्क र खबरको विवरण सङ्कलन गर्न नगरपालिकाद्वारा अधिकार दिइएको कर्मचारी सम्झनु पर्छ।

ख. "सूचित आदेश" भन्नाले नगरपालिकाबाट सूचना प्रकाशन गरी दिइएको आदेश सम्झनु पर्छ।

ग. "नगर प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाका नगरप्रमुख सम्झनु पर्छ।

घ. "उप-प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाका नगर उप-प्रमुख सम्झनु पर्छ।

ङ. "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले सूर्योदय नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

च. "तोकिएको वा तोकिए बमोजिम " भन्नाले यस ऐन अन्तर्गत बनेका नियम , कार्यविधिमा तोकिएको वा तोकिए बमोजिमको व्यवस्थालाई सम्झनु पर्छ।

१. विवरण दाखिला गराउने अधिकार :- नगरपालिकाले कुनै वर्गको व्यक्तिहरुको भोगचलन वा नियन्त्रणमा रहेको तोकिएको कुरा सम्वन्धि खबर लगत र तथ्याङ्कको तोकिएको ढाँचा विवरण र तोकिएको समयमा नगरपालिकामा दाखिला गर्न त्यस्तो व्यक्तिलाई आदेश गर्न सक्नेछ।

२. तथ्याङ्क सङ्कलन गर्न निर्देशन गर्ने अधिकार :- नगरपालिकाले यस दफामा लेखिए बमोजिम कुनै कुराको सम्बन्धमा तथ्याङ्क सङ्कलन गर्न निर्देशन दिन सक्नेछ।

उपदफा (१) अन्तर्गत दिइएको निर्देशनमा देहाय बमोजिम गर्न सकिनेछः-

क. सङ्कलन गर्नुपर्ने खबरको लगत तोक्ने

ख. त्यस्तो खबर सङ्कलन गर्न कामको निमित्त अधिकार प्राप्त कर्मचारी संघ सस्था नियुक्त वा मनोनित गर्न, तिनीहरुको काम कर्तव्य र अधिकारहरु तोक्ने र त्यस्तोकाम कर्तव्य र

अधिकारहरु तोक्ने र त्यस्तो काम कर्तव्य र अधिकारहरु प्रयोग तथा पालना गर्दा तिनीहरुले अपनाउनु पर्ने कार्यविधि तोक्ने

ग. सङ्कलन गर्नुपर्ने तथ्याङ्क सुविधाजनक ढङ्गबाट सङ्कलन गर्नका निमित्त आवश्यक देखीएका वा आकस्मिक सबै कुराहरुको व्यवस्था गर्न सक्ने।

३. विवरण दाखिला गराउने सम्वन्धि कर्मचारीको अधिकारः- तथ्याङ्क सङ्कलनको लागि अधिकार प्राप्त कर्मचारीले कुनै व्यक्ति, संघ, संस्था सरकारी तथा गैर सरकारी कार्यालय , टोल विकास संस्था, आदिलाई सूचना पठाई तोकिएको कुरा सम्वन्धि तोकिएको खबर, लगत र तथ्याङ्कको तोकिएको ढाँचाको विवरण तोकिएको समयमा नगरपालिका समक्ष दाखिला गर्न आदेश गर्न सक्छ।

४. रेकर्ड जाँच्ने अधिकार :- तथ्याङ्क सङ्कलन गर्ने अधिकार प्राप्त कर्मचारीले तोकिएको कुनै कुराको सम्बन्धमा तथ्याङ्क सङ्कलन गर्ने प्रयोजनका निम्ति दाखिला भएको कुनै लगत , विवरण वा खबर साँचो हो होइन भन्ने कुराको जाँच देहाय बमोजिम गर्नु पर्नेछ।

क. कुनै खबर वा विवरण दाखिला गर्नु पर्ने कर्तव्य भएका कुनै व्यक्तिको भोग चलन वा नियन्त्रणमा कुनै घर जग्गामा पूर्व सूचना दिई मनासिव माफिकको समयमा प्रवेश गर्ने।

ख. भोग चलन वा नियन्त्रणमा रहेको कुनै लिखत वा चिज आफू छेउ पेश गर्ने आदेश दिन र त्यस्तो जाँच गर्न।

ग. यस ऐन अन्तर्गत सङ्कलन गर्नुपर्ने तथ्याङ्क सम्वन्धि कुनै खबर कुनै व्यक्तिलाई थाहा छ भन्ने मनासिव माफिकको विश्वास भएमा निजसँग कुनै प्रश्नहरु सोध्ने।

५. तथ्याङ्कलाई प्रयोग वा प्रकाशित गर्नु अघि प्रमाणित गराउनु पर्नेः-

१) तथ्याङ्क सङ्कलन गर्न स्वीकृति प्राप्त गर्ने व्यक्ति वा संस्थाले तथ्याङ्क सङ्कलन गरी त्यसलाई प्रयोगमा ल्याउन वा प्रकाशित गर्नु अघि नगर प्रमुखको स्वीकृतिमा प्रशासकीय अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ।

२) सजायः १) नगरपालिकाको निर्देशन अनुसार कुनै खबर वा विवरण दिनु पर्ने कर्तव्य , भएका कुनै व्यक्तिले देहायको कसुर गरेमा निजलाई त्यस्तो प्रत्येक कसुरको निमित्त रु २००।- सम्म जरिवाना गर्न सकिनेछ।

क. जानीजानी त्यस्तो खबर वा विवरण तोकिएको म्यादभित्र नदिएमा वा दिन इन्कार गरेमा

ख. जानीजानी कुनै झुट्टा खबर वा विवरण दिएमा वा दिलाएमा

३) **नियम बनाउने अधिकारः-** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गराउन नगरपालिकाले आवश्यक नियम कार्यविधि निर्माण गर्न सक्नेछ।

४) **संशोधनः-** यस ऐनमा समय सापेक्ष संशोधन गर्न आवश्यक ठानेमा नगरपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

५) **बचाउः-** यस ऐनमा राखिएको कुनै पनि व्यवस्था नेपालको संविधान , अन्य प्रचलित संघीय तथा प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हद सम्म बदर भागी हुनेछ।

आज्ञाले
प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत